# कार्यालय प्रमुखहरुसँगको बैठकको निर्णय (२०८२ पौष ७ गते)

१. जिल्ला स्थित सवै सरकारी कार्यालय प्रमुखले आफू मातहतका युनिट तथा शाखा एवम् फाँटहरुमा हुनसक्ने संभावित अनियमितता रोक्ने। अनियमिततामा कोही संलग्न भएको पाइएमा प्रचलित कानुन बमोजिम विभागिय कारवाही गर्ने।

२. सबै सरकारी कार्यालयले आफ्ना सवारी साधनहरु उपकरणको नियमित मर्मत गर्ने सम्पत्तिको जिन्सी निरिक्षण गर्ने र पुराना भई काम नलाग्ने अवस्थका जिन्सी सम्पत्ति भए प्रचलित कानुन वमोजिम लिलाम गर्ने। भन्सार कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल जस्ता निकायहरुवाट जफत भएका सवारी साधन तथा अन्य वस्तुहरुको तत्काल कानुनी प्रकृया पुरा गरी नियमित रुपमा लिलामी गर्ने।

३. जिल्ला प्रशासन कार्यालयवाट पत्राचार भई माग भएका विषयहरु यथाशिघ्र पठाउने व्यवस्था सवै कार्यालयहरुले मिलाउने।

४. हरेक सार्वजनिक निकायले धुल्याउन मिल्ने कागजको वर्गीकरण गर्ने, संरक्षण गर्नुपर्ने कागजलाई डिजिटाइज गर्ने र अनावश्यक कागज धुल्याउने तथा पत्रु जिन्सी सामाग्रीलाई लिलाम गर्ने कार्य अभियानको रुपमा अगाडी वढाउने।

५. सेवाग्राहीले पाउने सास्ती तथा हैरानी रोक्न सेवा प्रवाह गर्ने निकायहरुले विचौलियालाई कार्यालय प्रवेशमा निषेध गर्दै सेवालाई सरल, चुस्त, पहुँचयोग्य एवं पारदर्शी वनाउने।

६. सबै कार्यालयहरुले सार्वजनिक सेवा प्रवाहमा निरन्तर सुधार गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यहरु गर्न वेवसाईट नियमित अध्यावधिक गर्ने र निरन्तर सूचनाहरु अध्यावधिक गरिरहने।

७. नयाँ जिम्मेवारीमा आउने कार्यालय प्रमुखले अघिल्लो प्रमुख हुँदाको संस्थागत दायित्व समेतको जिम्मेवारी प्रचलित कानून बमोजिम लिएर कार्य सम्पादनमा समस्याहरु भए समाधानको स्पष्ट कार्ययोजना सहित कार्य गर्ने।

८. वजारमा खाद्यवस्तु, औषधीसँग सम्वन्धित वस्तु तथा सेवाको नियमित तथा गुणस्तरीय आपूर्ति व्यवस्था कायम गर्न तत् तत् निकायवाट प्रभावकारी बजार अनुगमन गरी नियमित रुपमा जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन दिने। अनुगमन कार्यमा सुरक्षा सहयोग आवश्यक परेमा नेपाल प्रहरीलाई अनुरोध गर्ने। अनुगमन कार्यमा असहयोग गर्ने व्यक्ति तथा संस्थालाइ प्रचलित कानुन वमोजिम आवश्यक कारवाही प्रकृया अगाडी वढाउने।

९. सबै खालका सरकारी आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गरी नतिजामुखी वनाउन कार्यालय प्रमुखले अनुगमन मुल्यांकन शाखा लगायतका आफू मातहतका जिम्मेवार युनिट तथा पदाधिकारीहरु लाई थप प्रभावकारी रुपमा परिचालन गर्ने।

१०. ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको उत्खननका विषयमा स्थानीय तहले प्रचलित कानुनमा उल्लेख भएको बाहेकका कार्यहरु नगर्ने तथा प्राकृतिक श्रोत एवम् नदीजन्य पदार्थको चोरी, तस्करी नियन्त्रणमा प्रभावकारी कदम चाल्ने। पुर्वाधार निर्माणसँग सम्वन्धित प्राथमिकता प्राप्त आयोजनाले हालसम्म स्थानीय तहवाट प्राप्त गरेको नदीजन्य पदार्थ ढुंगा, गिट्टी, वालुवा एवम् माटो, भस्कट लगायतका नदिजन्य पदार्थ/सामग्रीको विवरण पछी सम्म फरक नपर्ने गरी १५ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने।

११. सेवाग्राहीहरूको भीडभाड हुने तथा अन्य संवेदनशील निकाय तथा कार्यालयहरुले पेरिमिटर सुरक्षामा ध्यान दिने तथा २४ घण्टा सुरक्षा निगरानीका लागि सि.सि टि.भी. जडान गर्ने। सबै स्थानीय तहहरुले अपराध अनुसन्धानमा सहयोग पुग्ने, सुरक्षा चुस्त बनाउन आफ्नो एरिया भित्र पर्ने मुख्य सडक, गल्ली, चोक, पुल मोड तथा घुम्तीहरुमा तथा महत्वपूर्ण मानिएका स्थानहरुमा स्थानीय प्रहरी समेतको समन्वयमा अनिवार्य रुपमा सि.सि.टि.भी. जडान गर्ने र विगतमा जडान भइ मर्मत गर्नुपर्ने भएमा यथाशिघ्र मर्मत गरी सो को विवरण जिल्ला प्रशासन कार्यालयमा समेत पठाउने।

१२. सबै स्थानीय तहहरुले डिभिजन वन कार्यालयसँग समन्वय गरी शितलहर प्रभावित क्षेत्रमा दाउराको उचित व्यवस्था गरी सुरक्षित ढंगवाट दाउरा बाल्ने व्यवस्था मिलाउने। विपद् व्यवस्थापन समितिको निर्णय समेत हेरि आवश्यक कार्यान्वयन गर्ने।

१३. अव उप्रान्त नवप्रवेशी एवं सरुवा भई आउने कर्मचारीलाई पदीय जिम्मेवारी सेवा प्रवाह तथा व्यवहारिक सिप सम्वन्धमा आवश्यक अभिमुखीकरण तालिमको व्यवस्था सवै कार्यालय प्रमुखले गर्ने व्यवस्था मिलाउने।

१४. उद्योग, कारखानाबाट उत्पादन भएको फोहर पानी फिल्टर नगरी सिधै खोला तथा नदीमा मिसाउने कार्यलाई नियमन गर्ने जिम्मेवारी भएको सम्वन्धी निकायले कडाइका साथ नियन्त्रण गर्ने। मानव मलमुत्र पानीको मुहान, खोलानाला, वनक्षेत्र आसपास विसर्जन भइरहेको गुनासो प्राप्त भएकोमा तत् तत् नियमनकारी निकायले कानुन वमोजिम यथाशिघ्र कारवाही गर्ने।

१५. नेपाल सरकारले आयातमा रोक लगाएका वस्तुहरु गैरकानुनी तवरले सिमाक्षेत्रवाट प्रवेश भई वजारमा बिक्री वितरण हुनवाट रोक्न सम्वन्धित निकायवाट निगरानी र अनुगमनको कार्यलाइ प्रभावकारी रुपमा संचालन गर्ने।

प्रमुख जिल्ला अधिकारी

१६. व्यवसाय गर्ने संघ संस्था स्थापना भएपछी नियमित कारोवार गरे नगरेको प्रचलित कानुन वमोजिम आय व्यय विवरण वुझाए नवुझाएको त्यस्तो संस्था वा कम्पनीवाट करछली भए नभएको लगायतका विषयमा जिल्लाका कर सँग सम्वन्धित निकायहरुले सघन अनुगमन गर्ने। राजश्व चुहावट नियन्त्रणमा अन्य सरकारी निकाय तथा स्थानीय प्रशासनको सहयोग आवश्यक परेमा सो को लागि अनुरोध गर्ने।

१७. इन्धन ओसार पसार, भण्डारण विक्री वितरणमा हुन सक्ने सम्भावित चुहावट, मिसावट, ठगी लगायतका वेथिती एवम् गैरकानुनी कार्यको नियन्त्रण गर्न सम्वन्धित निकायले नियमनलाई सशक्त वनाउने ।

१८. सम्बन्धित निकाय/कार्यालयले कृषिजन्य सामग्री तथा रासायनिक मल, बिउबिजन र बिषादीको सहज आपूर्ति एवं व्यवस्थापनका लागि आवश्यक कार्ययोजना बनाई सो सम्बन्धी सेवालाई अनुमानयोग्य, पारदर्शी र व्यवस्थित बनाउने।

१९. सरकारी श्रोतवाट निर्माण भएका तर हालसम्म पनि संचालनमा नआएका जिल्ला भित्र भौतिक पूर्वाधारका संरचना कुनै पनि कार्यालय मातहत भए उद्देश्य अनुरुप संचालनमा ल्याउने व्यवस्था सम्बन्धित कार्यालयले मिलाउने। निर्माण चरणको वीचमा नै निर्माण कार्य अलपत्र छोडी अधुरो रहेका सरकारी पुर्वाधारहरु निर्माण सम्पन्न गर्न सम्वन्धित कार्यालय प्रमुखले नतिजामुखी ढंगले काम गर्ने। जिल्ला आयुर्वेद कार्यालयको पुर्वाधार निर्माण सम्बन्धी गुनासो प्राप्त भएको सम्वन्धमा सम्वन्धित आयोजना प्रमुखले प्रचलित कानुन वमोजिम सम्पन्न गर्न यथाशिघ्र पहल गर्ने।

२०. विना अनुमती वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने व्यक्ति, संस्था, विचौलियालाई प्रचलित कानुन वमोजिम कारवाही गर्ने। यस क्षेत्रमा भएका विकृती नियन्त्रण गर्न श्रम क्षेत्रसँग सम्बन्धित कार्यालयले सरोकारवाला निकायहरुसँगको समन्वयमा अनुगमन तथा निगरानीको कार्यलाइ सशक्त वनाउने। सर्वसाधारण ठगीमा पर्न सक्ने संभावित क्षेत्रको पहिचान गरी तत् तत् निकायले आफ्नो नियामकिय भूमिकालाइ सशक्त वनाउदै लैजाने।

२१. स्वास्थ्यकर्मीहरु कार्यालय समयमा नै नीजि स्वास्थ्य संस्था, पसल, क्लिनिकमा कार्यरत रहेको भन्ने गुनासोका सम्बन्धमा सरकारी अस्पताल र स्वास्थ्य संस्थाका प्रमुखले सुक्ष्म निगरानी गरी त्यस्तो भएको पाइएमा प्रचलित कानुन वमोजिम कारवाही गर्ने। गुनासो रहित ढंगले स्वास्थ्य सेवा प्रदान गर्ने। OCMC संचालन गर्ने स्वास्थ्य संस्था/अस्पतालहरुले आफुले प्रदान गर्ने सेवाको पहुँचलाई क्रमश जनताको घरदैलोसम्म विस्तार गर्दै लैजाने। कोभिड - १९ को समयमा खरिद भई जडान भएका उपकरणहरु अक्सिजन प्लान्ट भेन्टिलेटर वा अन्य स्वास्थ्य उपकरणहरु चालू हालतमा नभए मर्मत गरी सेवा प्रवाहको सुनिश्चितता गर्ने। ठुलो लागतमा खरिद भएका स्वास्थ्य उपकरणहरु हाल आएर प्रयोग विहिन हुने अवस्थाको अन्त्य गर्ने।

२२. सरकारी विद्यालयहरुको सम्पत्ति दुरुपयोग भइरहेको गुनासोको सम्बन्धमा तत् तत् निकायहरुले सोको संरक्षणका लागि विशेष पहल गर्ने। शिक्षा विकास तथा समन्वय ईकाइले शैक्षिक गुणस्तर अभिवृद्धी लगायतका विषयमा स्थानीय सरकारसँग निरन्तर समन्वयमा रही काम गर्ने

२३. जिल्लाको शहरी क्षेत्र, तथा सीमानाकासँग जोडिएका नगरपालिकाहरुमा फोहोरमैला व्यवस्थापनका विषयमा पटक पटक गुनासो आईरहने भएकाले नगरक्षेत्रलाई सुन्दर, सफा, हराभरा राख्न घर तथा उद्योग व्यवसायबाट सिर्जित फोहोरमैला व्यवस्थापनमा दिगो र प्रभावकारी काम गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ। यस सम्बन्धमा तत् तत् स्थानीयतहले सरोकारवालासँगको समन्वयमा प्रभावकारी ढंगले कार्य गर्ने।

२४. नगरक्षेत्र भित्रको अव्यवस्थित सवारी पार्किङलाई सम्बन्धित स्थानीय तहले उद्योगी, व्यापारी, सवारी धनी, चालक, सवारी व्यवसायी, ट्राफिक प्रहरी लगायतको समन्वयमा दिगो र भरपर्दो व्यवस्था गर्ने।

२५. स्थानीय तहहरुले गर्ने विभिन्न भुक्तानीमा करकट्टी गरेको अग्रिम कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्ने व्यवस्था मिलाउने।

२६. आन्तरिक राजस्व कार्यालयले मुल्य अभिवृद्धि कर विवरण पेश गर्न बाँकी रहेका करदाताको वडा अनुसारको विवरण खुलाई सम्बन्धित वडा कार्यालयमा सूचना टाँस गरेकोमा मुल्य अभिवृद्धि कर विवरण पेश गर्न बाँकी रहेका करदातालाई विवरण पेश गर्न लगाउन सम्बन्धित स्थानीय तहहरुले समन्वय गर्ने।

प्रमुख जिल्ला अधिकारी